प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : २०७५।७६
चलानी नं. : २१४

मिति : २०७५।०७।१२

विषय : साझा करको कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),

प्रदेश नं. ५, नेपाल ।

प्रस्तुत विषयमा प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रमा रहेका करहरुमध्ये मनोरञ्जन कर र प्राकृतिक स्रोत शुल्क(नदीजन्य पदार्थ) को दर प्रदेशले तोक्ने र स्थानीय तहबाट संकलन गरिने व्यवस्था हुनुका साथै विज्ञापन करको दर स्थानीय तह आफैले तोकि संकलन गर्ने कानुनी प्रावधान रहेको छ ।तसर्थ, उल्लेखित करका सम्बन्धमा देहायबमोजिम गर्ने गराउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ।

- "प्रदेश नं. ५, प्रदेश आर्थिक ऐन, २०७५" को दफा ४ र अनुसूची ३ मा प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा लगाईने कर र सोको दररेटहरु तोकिएको छ । कतिपय सिनेमाहलहरुले प्रदेश आर्थिक ऐनमा तोकिएको दर भन्दा फरक दरमा र फरक शिर्षकमा कर संकलन गरेको पाइएको हुँदा कानुन बमोजिमको दर र शिर्षकमा कर संकलन गर्नुपर्ने हुन्छ । यसर्थ, सम्पूर्ण स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रभित्र सञ्चालित मनोरञ्जन सेवा प्रदान गर्ने संस्था एवं स्थलको अनुगमन गरी आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दररेटमा कर संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँडको व्यवस्था मिलाउनुहुन ।

- प्रदेश आर्थिक ऐन, २०७५ को दफा ५ मा प्रदेश क्षेत्र भित्रका स्थानीय तहहरुले आफ्नो क्षेत्र भित्र राखिने विज्ञापन सामाग्री हरुको दर तोकी संकलन गर्नुपर्ने र त्यसरी संकलित रकम तोकिएबमोजिम स्थानीय तह र प्रदेश बीच बाँडफाँड गर्नुपर्ने व्यवस्था रहेको मा कतिपय स्थानीय तहहरुले आफ्नो आर्थिक ऐनमा दर नतोकेको, दर तोकेका स्थानीय तहहरुले पनि संकलन नगरेको पाइएकोले विज्ञापन करको दर निर्धारण गरी संकलन गर्ने र प्रदेश र स्थानीय तहबीच बाँडफाँडको व्यवस्था मिलाउनुहुन ।

- प्रदेश आर्थिक ऐन, २०७५ को दफा ८ र अनुसूची ६ मा प्राकृतिक स्रोत शुल्क (ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर) र सोको दररेट तोकिएको छ ।प्रदेश सरकारले स्थानीय तहले ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि "नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५" मा जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको प्रावधान रहेकोमा कतिपय क्षेत्रमा उक्त सामाग्रीहरुको चोरी, निकासी हुने देखिएकोले उक्त समिति मार्फत एवं स्थानीय तह स्वयंमले सो कार्य निषेधित गर्न आवश्यक पहल गर्नुहुन ।

..............................
(रामहरी मरासिनी)
शाखा अधिकृत